मितिः २०८३/०३/०४

समयः दिनको ११:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८३ साल असार ४ गते बिहिबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरू माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

**उपस्थितिः**

| क.सं. | पदाधिकारीको नाम, कर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |

| | | | |
|---|---|---|---|
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरी माया बुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री सिता कुमारी खत्री | सदस्य-सचिव (प्र.प्र.अ.) | |

<u>प्रस्तावहरू:</u>

१. लेखा समिति गठन सम्बन्धमा।

२. आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन सम्बन्धमा।

३. संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन सम्बन्धमा।

४. ठेक्काहरुको म्याद थप सम्वन्धमा।

५. विविध।

निर्णयहरू:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कैलाश गाउँपालिकाको, कैलाश गाउँपालिका लेखा समिति गठन तथा कार्यसंचालन कार्यविधि,२०८२ को दफा ४ अनुसार देहायअनुसार लेखा समिति गठन गर्ने निर्णय गरियो।

क) संयोजक- श्री सुर्य बहादुर ब्लोन
ख) सदस्य- श्री राजेन्द्र घिसिङ
ग) सदस्य- श्रीं भुवन सिंह घलान
घ) सदस्य- श्री राम माया प्रजा
ङ) सदस्य- सचिव- राजश्व शाखा प्रमुख

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कैलाश गाउँपालिकाको, आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० को नियम २० आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन सम्बन्धी व्यवस्था को २०.१ अनुसार देहायअनुसार आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गर्ने निर्णय गरियो।

क) संयोजक- अध्यक्ष श्री लोक बहादुर मुक्तान
ख) सदस्य- उपाध्यक्ष श्री बाल कुमार मल्ल ठकुरी
ग) सदस्य-सुशासन समितिको अध्यक्ष श्री सुर्य बहादुर ब्लोन
घ) सदस्य- श्री गोरीमाया बुलुन
ङ) सदस्य- श्री निरमाया सुनार
च) सदस्य- प्रमुख, आर्थिक प्रशासन शाखा
छ) सदस्य- सचिव- आन्तरिक लेखापरीक्षक

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कैलाश गाउँपालिकाको समग्र काम कार्वाहीलाई समय सापेक्ष रुपमा गर्न/गराउन अपरिहार्य रुपमा आवश्यक हुने स्थानिय सरकारको जनशक्ति व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी मापदण्ड,२०८२ को दफा ७ को इ. बमोजिम कैलाश गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न देहायअनुसार सर्वेक्षण समिति गठन गर्ने निर्णय गरियो।

क) संयोजक- प्रमुख प्रशासकीय अधिकृत श्री सिता कुमरी खत्री
ख) सदस्य- आर्थिक प्रशासन शाखा प्रमुख श्री टिकाराम अधिकारी
ग) सदस्य-सचिव कर्मचारी प्रशासन शाखा प्रमुख श्री रामचन्द्र शिवाकोटी

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ मा संचालित सशर्त/समपुरक /बिषेश अनुदान तर्फका ठेक्का योजनाहरुको म्याद सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियो।

क) यस गाउँपालिकाको कार्किडाडा चापाखर्क क्युरेनि खोलाखर्क बैकुण्ठ सडक, कैलाश १,२,५२६(KRM/NCB/KCKBS/BN-02/2082/83) को म्याद २०८३/०२/३० गते सम्म रहेकोमा बर्षाको कारणले ढुवानी समस्या, मध्यपुर्वको दन्द, निर्वाचन आदि बिभिन्न कारणहरुले गर्दा समयमै कार्य गर्न नसकेको भनि निर्माण व्यवसायी

रोजिना कन्ट्रक्सन प्रा.लि. हेटौडा-१७, मकवानपूरबाट मिति २०८३/०२/०६ गते निवेदन पेश भएकोले सो सम्बन्धमा छलफल गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली,२०६४ बमोजिम अन्तिम पटकको लागी मिति २०८३/०३/१५ गते सम्म म्याद थप गर्ने तथा उक्त अवधि सम्ममा गुणस्तरिय कार्य सम्पन्न नभएमा बाकि रहेको कार्य गर्न समपुरक लगानिमा संचालन भएको योजनाको रकम सम्बन्धित सरकारमा फिर्ताजाने भएकोले न्युन आर्थिक स्रोतको कारणले लगानी व्यवस्थापन गर्न नसकिने हुदाँ प्रयाप्त समय हुदा हुदै पनि निर्माण व्यवसायीले तोकिएको कार्य सम्पन्न गर्न नसकेको कारणले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३ को उपदफा १ को (ग)/ नियमावली,२०६४ अनुसार ठेक्का रद्ध (तोडि) गरी, कार्य सम्पादन जमानत जफत गरी नियम १४१ को उपनियम १ बमोजिम गर्ने निर्णय गरियो।

ख) यस गाउँपालिकाको सुकुभन्ज्याङ भार्ता वाक्सिराङ सडक आयोजना, कैलाश ७ र ८ (KRM/NCB/SBWSA/BN-01/2082/83) को म्याद २०८३/०२/३० गते सम्म रहेकोमा शुख्खा पहिरोको कारणले गर्दा समयमै कार्य गर्न नसकेको भनि निर्माण व्यवसायी गोले कन्ट्रक्सन हेटौडा-०१, मकवानपूर बाट मिति २०८३/०२/२५ गते निवेदन पेश भएकोले छलफल गर्दा सार्वजनिक खरिद ऐन २०६३,नियमावली,२०६४ बमोजिम अन्तिम पटकको लागी मिति २०८३/०३/१५ गते सम्म म्याद थप गर्ने तथा उक्त अवधि सम्ममा गुणस्तरिय कार्य सम्पन्न नभएमा बाकि रहेको कार्य गर्न समपुरक लगानिमा संचालन भएको योजनाको रकम सम्बन्धित सरकारमा फिर्ताजाने भएकोले न्युन आर्थिक स्रोतको कारणले लगानि व्यवस्थापन गर्न नसकिने हुदाँ प्रयाप्त समय हुदा हुदै पनि निर्माण व्यवसायीले तोकिएको कार्य सम्पन्न गर्न नसकेको कारणले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३ को उपदफा १ को (ग)/नियमावली,२०६४ अनुसार ठेक्का रद्ध (तोडि) गरी, कार्य सम्पादन जमानत जफत गरी नियम १४१ को उपनियम १ बमोजिम गर्ने निर्णय गरियो।

ग) यस गाउँपालिकाको नामटार आधारभुत अस्पत्ताल सुदृढिकरण, कैलाश ९ (KRM/NCB/NASA/BN-11/2082/83) को म्याद २०८३/०२/३० गते सम्म रहेकोमा निर्माण सामाग्रिको मुल्य, निरन्तर बर्षा आदि कारणले गर्दा समयमै कार्य गर्न नसकेको भनि निर्माण व्यवसायी प्रोपर क्रियसन प्रा.लि. टोखा-१०, काठमाण्डौबाट मिति २०८३/०२/०८ गते निवेदन पेश भएकोले छलफल गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली,२०६४ बमोजिम मिति २०८३/०३/१५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

खत्री

घ) यस गाउँपालिकाको गाउँपालिका तालिम हल निर्माण कैलाश-०३ (KRM/NCB/GPTHN/BN-05/2082/83) को म्याद एक पटक २ महिना म्याद थप गरी मिति २०८३/०२/३१ गते सम्म म्याद थप दिईएकोमा, भौगोलिक बिकटता, सामाग्रिको मुल्य, लाईन आदिको कारणले गर्दा समयमै कार्य गर्न नसकेको भनि निर्माण व्यवसायी सन्ध्या निर्माण सेवा थाहा-१० मकवानपूर बाट मिति २०८३/०२/२९ गते निवेदन पेश भएकोले छलफल गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली,२०६४ बमोजिम अन्तिम पटकको लागी मिति २०८३/०३/१५ गते सम्म म्याद थप गर्ने तथा उक्त अवधि सम्ममा गुणस्तरिय कार्य सम्पन्न नभएमा प्रयाप्त समय हुदाँ हुदै पनि कार्य सम्पन्न गर्न नसकेमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३ को उपदफा १ को (ग)/नियमावली,२०६४ अनुसार ठेक्का रद्ध गरी (तोडि), कार्य सम्पादन जमानत जफत गरी नियम १४१ को उपनियम १ बमोजिम गर्ने निर्णय गरियो।

ङ) यस गाउँपालिकाको मानेडाँडा बल्छी खोला सडक निर्माण कैलाश १,२,३ र ८ (KRM/NCB/MDBKS/BN-09/2082/83) को म्याद एक पटक एक महिना म्याद थप गरी मिति २०८३/०२/३१ गते सम्म म्याद दिईएकोमा, चारै तर्फ बाटो बन्दको कारण ढुवानिमा समस्याले गर्दा समयमै कार्य गर्न नसकेको भनि निर्माण व्यवसायी रोबर्ट एण्ड रोजी कन्ट्रक्सन प्रा.लि., राक्सिराङ ३ मकवानपुरबाट मिति २०८३/०२/२९ गते निवेदन पेश भएकोले छलफल गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली,२०६४ बमोजिम अन्तिम पटकको लागी मिति २०८३/०३/१५ गते सम्म म्याद थप गर्ने तथा उक्त अवधि सम्ममा गुणस्तरिय कार्य सम्पन्न गर्न नसकेमा बाकि रहेको कार्य गर्न शसर्त लगानिमा संचालन भएको योजनाको रकम सर्म्बन्धित सरकारमा फिर्ताजाने भएकोले न्यून आर्थिक स्रोतको कारणले लगानि व्यवस्थापन गर्न नसकिने हुदाँ प्रयाप्त समय हुदा हुदै पनि निर्माण व्यवसायीले तोकिएको कार्य सम्पन्न गर्न नसकेको कारणले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३ को उपदफा १ को (ग)/नियमावली,२०६४ अनुसार ठेक्का रद्ध गरी (तोडि), कार्य सम्पादन जमानत जफत गरी नियम १४१ को उपनियम १ बमोजिम गर्ने निर्णय गरियो।

च) यस गाउँपालिकाको पाखे बृहत खानेपनी तथा सरसफाई योजना कैलाश-०८ (KRM/NCB/PBKY/BN-03/2082/83) को म्याद अन्तिम पटकको लागि मिति २०८३/०१/१५ गते सम्म थप गरेकोमा निर्माण व्यवसायी सन्ध्या निर्माण सेवा थाहा-१०मकवानपूरले हाल सम्म पनी तोकिएको कार्य सम्पन्न नगरेकोले तथा म्याद थपको लागि नवेदन समेत पास हुन नसकेकोले, मिति २०८३/०३/१५

गते सम्म सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उपनियम ६(ख) तथा नियम १२१ को उपनियम क बमोजिम पुर्वनिधारित क्षतिपुर्ति अनुसार गर्ने र उल्लेखित म्याद भित्रपनि क्षतिपुर्ति सहित कार्य सम्पन्न गर्न नसकेमा बाकि रहेको कार्य गर्न बिशेष लगानिमा संचालन भएको योजनाको रकम सम्बन्धित सरकारमा फिर्ताजाने भएकोले न्युन आर्थिक स्रोतको कारणले लगानी व्यवस्थापन गर्न नसकिने हुदाँ प्रयास समय हुदा हुदै तथा पटक पटक म्याद थप गर्दा समेत निर्माण व्यवसायीले तोकिएको कार्य सम्पन्न गर्न नसकेको कारणले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३ को उपदफा १ को (ग)/नियमावली,२०६४ अनुसार ठेक्का रद्ध गरी (तोडि), कार्य सम्पादन जमानत जफत गरी नियम १४१ को उपनियम १ बमोजिम गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा देहायबमोजिमका विषयहरु माथि छलफल गर्ने निर्णय गरियो।

विविध क माथि छलफल गर्दा कालिकाटारमा अवस्थित वडा कार्यलाय भवन, छेउमै रहेको पुरानो स्वास्थ्य चौकिको भवनमा सार्ने भनि मिति २०८३/०२/१९ गतेको वडा समिति वाट निर्णय भई, अनुमतिको लागि अनुरोध भई आएकोमा सोहि अनुसार वडा कार्यालय भवन स्थानान्तरण (सार्ने) निर्णय गरियो।

विविध ख माथि छलफल गर्दा मिति २०८२/०८/०४ गतेको कार्यपालिका बैठकले चेपांङ तथा अति बिपन्न समुदायका मातृ तथा बालबालिका पोषण सुधार संघिय बिशेष अनुदान को रु ७५,००,०००।- बाट ब्रेक डाउन भएको Calcium tab खरिद को रु ३,००,०००।- बाट रु १,००,०००।- बराबरको खरिद गर्दा Calcium tab पुग्ने मात्रमा रहेकोले बाकि रु २,००,०००।- लाई Folic Acid रु १,००,०००।- र मातृ स्वास्थ्य सुरक्षा औषधि उपकरण रु १,००,०००।- लाख बराबरको खरिद गरि कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो।

विविध ग माथिं छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८२/०८३ मा कैलाश-०२ मा सञ्चालित योजनाहरू कैलाश बैकुण्ठ पर्यटन पूर्वाधार निर्माण र तामाङ समुदायको ऐतिहासिक एवं सांस्कृतिक बैकुण्ठ गाउँ बस्ति बिकास कार्यक्रममा फरक प्रकृतिको निर्माण कार्यमा प्रयोग भएका विभिन्न आईटम हरुको जिल्ला दररेटमा उपलब्ध नहुने कार्यहरुको दर तपशिल बमोजिमको कायम गर्ने निर्णय गरियो।

१. Procument, Supplying, Transportation and Fixing of Flying Aeroplane Fiber Statue as Per Specification, Drawings and Instruction of the Site Engineer. (Size of the Flying Aeroplane-२०' * ६')- रु.९,६४,०००/-

२. Procurement, Transportion and Fixing of Stupa as Per Instruction and Specification of the Site Engineer. - रु. १८,९०,०००/-

... खत्री ... बहादुर मुक्तान

३. Procurement, Fixing of Lungta (Wind Horse) Flags on Darchog (or Darchok) on Stupa as Per Drawings, Specification and Instruction of the Site Engineer. — रु.६०,०००/-

विविध ध माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ सभा बाट आ.व. २०८२/०८३ को लागि उपाध्यक्ष कप भलिबल शिर्षकमा विनियोजन भएको रकम नपुग हुने भएकोले रु १,००,०००।- बराबरको रकम खेलकुद सामाग्रि खरिद शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

विविध ङ माथि छलफल गर्दा यस स्थानीय तहबाट नियुक्ती भएका एक जना महिला स्वयम सेविका (कैलाश-०८, आगेटार) लाई बार्षिक सेवा सुविधा वांफतको रकम आन्तरिक श्रोत बाट रु ३९,४२८।- व्यवस्थापन गर्ने निर्णय गरियो।

विविध च माथि छलफल गर्दा यस कैलाश गाउँपालिको सोह्रो गाउँ सभाबाट क्र.स. २५ मा महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता शिर्षकमा रु ७,५६,०००।-बराबरको रकम विनियोजन भएकोमा निज स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरूप मसिक रु १५००।- का दरले यातायात वाफतको खर्च व्यवस्थापन गर्ने निर्णय गरियो।

विविध छ माथि छलफल गर्दा यस कैलाश गाउँपालिकाको वि.पि.स्मृती कैलाश आधारभुत अस्पत्तालमा कार्यरत मेडिकल अधिकृतालाई प्रोत्साहन भत्ता वाफत रु ३०,०००।-मासिक तथा रु १०,०००।-मासिक नन् प्रेक्टिस सुविधा गरि जम्मा रु ४०,०००।-थप भत्ता आन्तरिक स्रोत वाट व्यवस्थापन गर्ने निर्णय गरियो।

विविध ज माथि छलफल गर्दा यस कैलाश गाउँपालिकाको मिति २०८३/०२/०६ गतेको कार्यपालिका बैठकले निर्णय गरेको प्रस्ताव न. १० (ख) को रिटे खोला देखि पँखेल सम्म खानेपानी टयाङकि निर्माण कैलाश वडा न. ४ मा रु २,००,०००।-बराबरको कार्यक्रम संसोधन गरी पेश भएकोमा उल्लेखित शिर्षकमा रकम विनियोजन नभएको देखिएकोले उक्त रकम भैपरी आउने पुजिगत शिर्षक बाट विनियोजन गर्ने निर्णय गरियो।

सिता कुमारी खत्री
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष